PAN No.: 302625387
Regd. No.: 314953/79/080

# Suryakunda Hydro Electric Limited
# सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड

च.नं. २२।०८३।८४

श्रीमान्
प्रमुख कार्यकारी अधिकृतज्यू
नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)
काठमाडौं।

मिति २०८३.०६.१३

**विषय: मिति २०८३।०५।१० गते आएको आकस्मिक बाढीबाट आयोजनाको विद्युत उत्पादन तथा प्रसारणमा परेको प्रभावसम्बन्धी विवरण पेश गरिएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडबाट प्राप्त पत्र मार्फत मिति २०८३।०५।१० गते आएको आकस्मिक बाढीका कारण कम्पनीको आयोजनामा परेको प्रभाव तथा क्षति सम्बन्धी विवरण उपलब्ध गराउन अनुरोध भएबमोजिम कम्पनीको तर्फबाट निम्न विवरण पेश गरिएको व्यहोरा अनुरोध छ ।

**१. आयोजनाको नाम तथा स्थान**

- आयोजनाको नाम: माथिल्लो तादी खोला जलविद्युत आयोजना
- क्षमता: ११ मेगावाट
- स्थान: दुप्चेश्वर गाउँपालिका, नुवाकोट जिल्ला ।

**२. प्राकृतिक विपद् भएको मिति**

मिति २०८३।०५।१० गते आयोजना क्षेत्र तथा आसपासको क्षेत्रमा आकस्मिक बाढी (Flash Flood) आएको थियो ।

**३. आयोजनामा भएको भौतिक क्षति**

मिति २०८३।०५।१० गते आएको आकस्मिक बाढीका कारण कम्पनीको माथिल्लो तादी खोला जलविद्युत आयोजनाका मुख्य संरचना तथा उपकरणहरूमा कुनै प्रत्यक्ष भौतिक क्षति भएको छैन । कम्पनीको प्राविधिक टोलीद्वारा आयोजना स्थलको निरीक्षणसमेत गरिएको छ र हालसम्मको निरीक्षणअनुसार आयोजनाका संरचना तथा उपकरणहरू बाढीका कारण क्षतिग्रस्त नभएको पाइएको छ।

**४. विद्युत उत्पादन तथा Power Evacuation को अवस्था**

आयोजनाबाट विद्युत उत्पादन मिति २०८३।०४।११ गतेदेखि नै बन्द रहेको छ। मिति २०८३।०४।११ गते गएको पहिरोका कारण नेपाल विद्युत प्राधिकरण (NEA) को प्रसारण लाईनको टावरमा असर परी आयोजनाबाट उत्पादित विद्युतको प्रसारण तथा निकासी (Power Evacuation) अवरुद्ध भएको थियो । उक्त घटनापश्चात् सम्बन्धित प्रसारण संरचनाको मर्मत तथा पुन:स्थापना कार्य भइरहेको थियो र मिति २०८३।०५।१० गते आकस्मिक बाढी आउनुअघि उक्त मर्मत कार्य अन्तिम चरणमा पुगेको थियो।

मिति २०८३।०५।१० गते आएको आकस्मिक बाढीका कारण आयोजनाबाट उत्पादित विद्युत निकासी हुँदै आएको नेपाल विद्युत प्राधिकरणको Trishuli 3B Hub Substation पूर्ण रूपमा क्षतिग्रस्त भएको छ । उक्त सबस्टेशनबाट नै आयोजनाको विद्युत निकासी हुँदै आएको थियो । उक्त सबस्टेशनमा भएको क्षतिका कारण आयोजनाबाट विद्युत उत्पादन गरी राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न तथा विद्युत निकासी गर्न हाल सम्भव भएको छैन। कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग निरन्तर समन्वय गरी आयोजनाको विद्युत निकासीका लागि वैकल्पिक प्रसारण मार्गको सम्भाव्यता तथा व्यवस्था सम्बन्धमा आवश्यक पहल गरिरहेको छ ।

4th Floor, Trade Tower Nepal, Thapathali-11, Kathmandu, Nepal, Phone: +977-01-5111093
Email: suryakundahydro@gmail.com, Website: www.suryakundahydro.com.np

**५. मानवीय क्षति**

मिति २०८३।०४।११ गते गएको पहिरो तथा मिति २०८३।०५।१० गते आएको आकस्मिक बाढीका कारण कुनै पनि मानवीय क्षति भएको छैन ।

**६. बीमा गरिएको अवस्था**

माथिल्लो तादी खोला जलविद्युत आयोजना बीमा गरिएको छ ।

**७. बीमा दाबीको अवस्था**

मिति २०८३।०५।१० गते आएको आकस्मिक बाढीका कारण कम्पनीको आयोजनाका मुख्य संरचना तथा उपकरणहरूमा कुनै प्रत्यक्ष भौतिक क्षति नभएको हुँदा उक्त घटना सम्बन्धमा हालसम्म बीमा दाबी ( Insurance Claim) पेश गरिएको छैन । हालको अवस्थामा नेपाल विद्युत प्राधिकरण को विद्युत प्रसारण लाईन तथा सब्स्टेशनमा क्षति भई यस आयोजनाको विद्युत प्रवाह प्रभावित आम्दानी गुमेको अवस्थामा यस कम्पनीले बिमा दाबी नहुने अवस्था छ ।

**८. प्रारम्भिक वित्तीय असर**

आकस्मिक बाढीका कारण आयोजनाका संरचना तथा उपकरणमा प्रत्यक्ष भौतिक क्षति नभए तापनि विद्युत उत्पादन तथा Power Evacuation अवरुद्ध रहेका कारण कम्पनीको आम्दानी असर परेको छ । श्रावण, भाद्र र असोज ११ गते सम्म  विद्युत उत्पादन हुन नसक्दा भएको अनुमानित आम्दानीको नोक्सानी रु.७,४१,६३,२८८.५१ रहेको छ । उक्त रकम हाल उपलब्ध उत्पादन तथा आम्दानीसम्बन्धी विवरणका आधारमा गरिएको प्रारम्भिक अनुमान हो । वास्तविक वित्तीय प्रभाव कम्पनीको अन्तिम उत्पादन तथा लेखा विवरणका आधारमा यकिन हुनेछ ।

**९. आयोजना पुनः सञ्चालन हुने अनुमानित मिति**

हाल आयोजनाको विद्युत उत्पादन पुनः सञ्चालन हुने यकिन मिति निर्धारण भइसकेको छैन । आयोजना पुनः सञ्चालन मुख्य रूपमा नेपाल विद्युत प्राधिकरणको प्रसारण पूर्वाधार तथा Trishuli 3B Hub Substation को पुनःस्थापना एवं विद्युत निकासीका लागि वैकल्पिक प्रसारण मार्गको व्यवस्थासँग सम्बन्धित रहेको छ । कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वय गरी आयोजनाबाट विद्युत उत्पादन तथा निकासी यथाशीघ्र पुनः सञ्चालन गर्ने दिशामा आवश्यक पहल गरिरहेको छ ।

**१०. ऋण तथा ब्याजको अवस्था**

आयोजनाबाट विद्युत उत्पादन अवरुद्ध रहँदा कम्पनीको नगद प्रवाहमा असर परेको छ। हालको अवस्थाअनुसार आगामी प्रथम त्रैमासिक अवधिमा अनुमानित ब्याज दायित्व रु. ३०,४५३,१३१.६३ मात्र भुक्तानी गर्न सकिने अवस्था रहेको छ । साथै, सो अवधिमा भुक्तानी गर्नुपर्ने अनुमानित सावाँ किस्ता रु. १२,५१८,४३७.७७ रहेको छ। सावाँ किस्ता तथा अन्य ऋण दायित्वको व्यवस्थापनका लागि सम्बन्धित ऋणदाता बैंक तथा वित्तीय संस्थाहरूसँग आवश्यक समन्वय तथा छलफल भइरहेको छ ।

**११. प्रसारण लाइन तथा अन्य पूर्वाधारमा भएको क्षति**

मिति २०८३।०५।१० गते आएको आकस्मिक बाढीका कारण कम्पनीको स्वामित्वमा रहेको प्रसारण लाइन तथा सम्बन्धित पूर्वाधारमा कुनै क्षति भएको छैन । तर, मिति २०८३।०४।११ गते गएको पहिरोका कारण नेपाल विद्युत प्राधिकरणको प्रसारण लाइनको टावरमा क्षति परी आयोजनाको विद्युत निकासी अवरुद्ध भएको थियो ।

त्यसपछि मर्मत तथा पुनःस्थापना कार्य अन्तिम चरणमा पुगेको अवस्थामा मिति २०८३।०५।१० गतेको आकस्मिक बाढीका कारण आयोजनाको विद्युत निकासी हुँदै आएको Trishuli 3B Hub Substation पूर्ण रूपमा क्षतिग्रस्त भएकोले विद्युत उत्पादन तथा निकासी पुनः सञ्चालनमा थप समस्या उत्पन्न भएको हो ।

**१२. व्यवस्थापनको प्रतिक्रिया तथा पहल**

घटना भएपश्चात् कम्पनी व्यवस्थापनले आयोजना स्थलको प्रत्यक्ष निरीक्षण (Site Visit) गरी आयोजनाको अवस्था तथा सम्भावित प्रभावको मूल्याङ्कन गरेको छ ।साथै, आवश्यक प्राविधिक टोली परिचालन गरी आयोजनाका संरचना तथा उपकरणहरूको निरीक्षण तथा प्राविधिक मूल्याङ्कन गरिएको छ ।

कम्पनीले आयोजनाको विद्युत उत्पादन तथा Power Evacuation यथाशीघ्र पुनः सञ्चालन गर्ने उद्देश्यले नेपाल विद्युत प्राधिकरणसँग निरन्तर सम्पर्क तथा समन्वय गरिरहेको छ । विशेषगरी, क्षतिग्रस्त Trishuli 3B Hub Substation को अवस्थालाई दृष्टिगत गर्दै वैकल्पिक प्रसारण मार्गको सम्भाव्यता तथा व्यवस्थापन सम्बन्धमा नेपाल विद्युत प्राधिकरणसँग आवश्यक छलफल तथा पहल भइरहेको छ ।

कम्पनीले आयोजनाको पुनः सञ्चालनलाई उच्च प्राथमिकतामा राखी आवश्यक प्राविधिक, व्यवस्थापकीय तथा समन्वयात्मक कार्यहरू निरन्तर रूपमा अगाडि बढाइरहेको छ ।

भवदीय,

SURYAKUNDA HYDRO ELECTRIC LTD. SKH 2054 Kathmandu, Nepal

.............................

श्री द्वारिका प्रसाद न्यौपाने
प्रबन्ध सञ्चालक
सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड